# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा

पत्र संख्याः ०८०/८१
सुचना नम्बरः१७

लुम्बिनी प्रदेश, नेपाल
९८५७८२४५६६


मितिः २०८०।०९।१३

## प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना

यस लुङग्री गाउँपालिका क्षेत्र भित्रका **बोज्याङ खोला र लुङग्री खोलाको सुनछहरी झरना देखि दोमही सम्मको बायाँ क्षेत्र** (नदि बग्ने दिशालाई आधारमानी) नदिजन्य पदार्थहरु ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् तथा बिक्री वितरण निकासी गर्ने सम्बन्धमा प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन तयार गर्न लागिएकोले सो क्षेत्रको जैविक तथा पारिस्थितिक प्रणालि, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न राय, सुझाव, सल्लाह संकलन गर्नको लागि देहायको मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको हुँदा उक्त कार्यक्रममा वडा समितिका पदाधिकारीहरु, वन उपभोक्ता समुह, स्थानीय संघ संस्थाहरुका प्रतिनिधि, आमा समुह,राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि एवम् निर्माण व्यावसायी लगायत सम्पूर्ण सरोकारवालाहरुलाई उपस्थितका लागि हार्दिक अनुरोध छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम ठेगना | लुङग्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, बडाचौर, रोल्पा । |
| प्रस्तावहरु | बोज्याङ खोला र लुङग्री खोलाको सुनछहरी झरना देखि दोमही सम्मको बायाँ क्षेत्र (नदि बग्ने दिशालाई आधारमानी) नदिजन्य पदार्थहरु ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् तथा बिक्री वितरण निकासी गर्ने सम्बन्धमा प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन तयारी कार्य |
| प्रभाव क्षेत्र | बोज्याङ खोलाको हकमा लुङग्रीगाउँपालिकाको वडा न १, ४, ५को दायाँ वायाँको वगर क्षेत्र र लुङग्री खोलाको सुनछहरी झरना देखि दोमही सम्मको हकमा वडा न ५, ६, ७ बायाँको वगर क्षेत्र |

तपसिल

सार्वजनिक सुनुवाई हुने मिति,समय र स्थानः

मितिः२०८०/०९/२०

समयः दिउसो १:०० बजे

स्थानः लुङग्री गाउँकार्यपालिकाको कार्यालय, किलाचौर, रोल्पा ।

जीत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत